# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १७ जून २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- पश्चिम बंगालको नयाँ डीबीसी सूचीमाथि कोलकाता उच्च अदालतले अन्तरिम रोक।
- पश्चिम बंगाल सरकारद्वारा राज्यका महाविधलयहरू र विश्वविध्यालयहरूमा स्नातक र स्नाकोत्तर भर्नाका लागि एउटा एकीकृति अनलाईन पोॅटल जारी।
- राज्य स्वास्थ्य विभागले कोरोना को प्रभाव नानीहरूमा बढ़ी देखिएको बताएको छ।
- प्रर्वतन निदेशालय ई.डी द्वारा सिलगड़ीमा छापामारी ।
- दार्जीलिङ पहाड़ी क्षेत्रका सबै साहसिक पर्यटन १५ सितम्बरका लागि बन्द।
- दार्जीलिङ जिल्ला अस्पतालमा जन्म- मृत्यु प्रमाण पत्र सच्याउन २३, २४ र २५ जूनमा तीन दिने शिविर लगाईने।

**बंगाल नयाँ ओबीसी रोक**

कलकत्ता उच्च न्यायलयले आज पश्चिम बंगाल सरकारको नयाँ ओबीसी अधिसूचनामा अन्तरिम रोक पनि लगायो। मुख्य न्यायाधीशको बेन्चले यो रोक आदेश ३१ जुलाई २०२५ सम्म लागू रहने स्पष्ट पारेको छ।न्यायलयको यो निर्णयसँगै, राज्य सरकारलाई अर्को धक्का लागेको छ, किनभने २०१० पछि जारी गरिएका सबै ओबीसी प्रमाण पत्रहरू रद्द गर्ने विरुद्धको यसको अपीललाई सर्वोच्च अदालतबाट राहत मिलेको थिएन। अदालतले भनेको थियो कि ममता ब्यानर्जीको सरकार गठन भएदेखि जारी गरिएका सबै ओबीसी प्रमाण पत्रहरू प्रायः मुस्लिम समुदायका मानिसहरूलाई दिइएको छ। जबकि ओबीसीमा समावेश वास्तविक हिन्दू समुदायका जातिहरूलाई यसबाट पूर्ण रूपमा वञ्चित गरिएको छ। यसपछि, राज्य सरकारले हालै ओबीसीको नयाँ अधिसूचना जारी गरेको थियो। अब न्यायालयले त्यसमा पनि रोक लगाएको छ।

**बंगालमा कॉलेज र विश्वविद्यालयमा भर्ना प्रक्रिया शुरू**

पश्चिम बंगाल सरकार ले राज्यका कॉलेज अनि विश्वविद्यालयहरुमा स्नातक स्तर मा दाखिल का लागि एउटा केंद्रीकृत ऑनलाइन पोर्टल शुरू गरेको छ | आज राज्यका शिक्षामंत्री ब्रत्य बसु ले यसको उद्धाटन गरे। यस पोर्टलको माध्यम बाट छात्रले भोलि बिहान 10 बजे देखि दाखिल को निम्ति आवेदन गर्न सक्नेछन् | आवेदनको अंतिम तिथि एक जुलाई 2025 तय गरिएको छ | नामांकन प्रक्रिया पूर्ण रुपमा ऑनलाइन हुनेछ अनि यसको लागि कुनै छात्रलाई कॉलेजमा उपस्थित हुन पर्ने आवश्यकता छैन |आवेदन का लागि छात्रहरुले प्रथममा पोर्टल मा केहि जानकारी दिएर रजिस्ट्रेशन गर्नु पर्नेछ | त्यस पछि यूज़र आईडी अनि पासवर्ड प्राप्त हुनेछ जसको सहयोगमा छात्रले लॉग इन गर्न सक्नेछन्| एक छात्र अधिकतम 25 कॉलेजहरुमा आफ्नो खुसी अनुसार आवेदन गर्न सक्नेछन्| आवेदन को समयसीमा भित्र उनले आफ्नो प्राथमिकता सूची अनि विषयहरुमा बदलाव पनि गर्न सक्नेछन् | समयसीमा समाप्त भएपछि पोर्टलमा सिस्टम जनित मेरिट लिस्ट प्रकाशित गरिने छ | छात्रहरुको योग्यता अनि इचछाको आधारमा विषय आवंटित हुनेछ। चयनित छात्रले ऑनलाइन पोर्टलको माध्यम बाट नै प्रोविजनल एडमिशन लिन सक्नेछन् | यध्यप्पी, यो पोर्टल प्रेसिडेंसी यूनिवर्सिटी, जादवपुर यूनिवर्सिटी समेत कतिपय स्वायत्त संस्थानहरुमा लागू हुने छैन | यी संस्थानहरुको नामांकन प्रक्रिया स्वयं का नियमहरु अनुसार चल्ने छ |

****** ० ******

**बंगालमा कोरोनाको चपेटमा बाल- बालिका**

राज्य मा कोरोना संक्रमणको वर्तमान स्थितिले चिंताजनक मोड़ लिरहेको छ | स्वास्थ्य भवन अनुसार, वर्ष 2025 को एक जनवरीदेखि नौ जून सम्म पश्चिम बंगाल मा कुल 747 कोरोना संक्रमण को मामिला अघि आएको छ । यी मध्ये 61 प्रतिशत रोगी 60 वर्ष भन्दा अधिक उमेरका छन् , जबकि दोस्रो सबैभन्दा बड़ी प्रभावित श्रेणी नानीहरु छन् |ताजा आंकडा अनुसार , संक्रमितहरुमा

22 प्रतिशत को उमेर तीन महीना देखि 15 बर्ष  बीचका छन् | अर्कोतिर 48 देखि 60 वर्ष का बीच का रोगीहरु  को संख्या सात प्रतिशत रहेको छ। स्वास्थ्य अधिकारिहरुको भन्नु यो छ यस पल्टको लहरमा नानीहरुको बीच संक्रमण को ग्राफ पूर्वमा भन्दा  कयौं अधिक रहेको छ | शिशुरोग विशेषज्ञ डॉ. पायल चौधुरीले बताए अनुसार  "कोरोना वायरस अब पूर्वमा भन्दा अधिक संक्रामक भएको छ किनभने यसले शरीरको  इम्युनिटी लाई सहजै धोका दिरहेको छ यध्यप्पी संक्रमित बाल बालिकाहरु अधिकांश मामिलाहरुमा केहि  दिनहरुमा नै  निको भइरहेका छन् |

**<u>दक्षिण बंगालमा मनसुन राख्यो कदम</u>**

पश्चिम बंगालमा गर्मी एवं आद्रताको समस्या झेलिरहेका  मानिसहरूको लागि राहतपूर्ण खबर छ। मौसम विभागानुसार दक्षिण बंगालमा मनसुनले औपचारिक रूपमा कदम राखेको छ। नदिया, उत्तर 24 परगना औ बर्धमान जिल्लामा मनसुनी हावाले प्रवेश गरिसकेको छ। अब बिस्तारै मनसुनको प्रभाव दक्षिण बंगालमा फैलिने आशा छ। कोलकाता समेत राज्यका अधिकांश भागहरूमा वर्षा शुरू भइसकेको छ। यसबाट मानिसहरूले भयानक गर्मीबाट केही हदसम्म राहत पाएका छन्। मौसम विभाग अनुसार बुधवारसम्ममा दक्षिण बंगालका सबै जिल्लाहरूमा मनसुन पूर्ण रूपले सक्रिय हुनेछ।

**<u>सिलगढ़ीमा ईडीको छापा</u>**

आर्थिक धाँधलीको जाँचमा जुटेको प्रवर्तन निदेशालयको टीमले आज बिहानदेखि नैसिलगढ़ीका विभिन्न स्थानहरूमा छापा मारिरहेको छ। प्राप्त जानकारी अनुसार सिलगढ़ीमा छह ठाउँ छापामारी भइरहेको छ।सूत्र अनुसार यो छापामारी वित्तीय भ्रष्टाचारको मामिलामा गरिँदैछ। ईडीले नतुनपाड़ा क्षेत्रका दुईवटा घर, खालपाड़ाका तीन अनि लेकटाउनमा एउटा घरको तलासी लिइरहेको छ। बिहानदेखि नै यी घरहरूको अगाड़ि केन्द्रिय बललाई तैनाथ गरिएको छ।

**<u>जीटिए – साहिक पर्यटन बन्द</u>**

गोर्खाल्याण्ड क्षेत्रिय प्रशासनले वर्षाले गर्दा क्षेत्रका सबै साहसिक पर्यटनहरूलाई आगमी १५ सितम्बर सम्म तीन महिनाका लागि बन्द रहनेछ। उक्त राजकारी जीटिए का विभागीय प्रभारी दावा शेर्पाले दिनुभएको हो।उहाँले पर्यटकहरूका लागि कालेबुङ, दार्जीलिङ पैरा ग्लाइडिंग, सिंगालिला राष्ट्रिय पार्क , नेऊरा वन्य क्षेत्र सहित टिस्टा नदीमा राफ्टिंग लागायत सबै प्रकारको साहसिक पर्यटनहरूलाई बन्द राखिने बताउनुभयो। यो एउटा रूटिन अर्थात वर्ष नै गरिने कारवाही हो भन्दै वर्षाकालमा जीवजन्तु आदिको प्रजनन समय हो, टिस्टा नदीमा वाढ़ी अथवा जलस्तर बढ़ेकोले साहसिक पर्यटनलाई बन्द गरिएको बताउनुभयो।